# प्रदेश जलचर संरक्षण र व्यवस्थापन ऐन, २०७६

बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा, नेपाल।

# प्रदेश जलचर संरक्षण र व्यवस्थापन ऐन, २०७६

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>
२०७६।०५।०४

<u>संशोधन गर्ने ऐन</u>

केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ २०७७।०४।१६

संवत् २०७६ सालको ऐन नं. ११

## प्रदेशस्तरमा जलचर संरक्षण र व्यवस्थापन गर्न बनेको ऐन

**प्रस्तावना**ः पर्यावरण, जलचर, जलीय वातारण, कृषिजन्य वस्तु तथा पशु पंक्षीको उचित संरक्षण तथा सम्बर्द्धन एवं सर्वसाधारण जनताको सुबिधा र आर्थिक हित कायम गर्न वान्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**ः (१) यस ऐनको नाम "प्रदेश जलचर संरक्षण र व्यवस्थापन ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "जल" भन्नाले ताल-तलैया, दह, खहरे, खोला, नदी-नाला, पोखरी, नहर, कुलो, रिजरभ्वायर, सिमसार, मत्स्य पालनका लागि जडान भएको पिंजडा (केज), एक्वारियम, रेसवे, मत्स्य

आन्तरिक मामिला तथा कानून मन्त्रालय

ह्याचरी, इन्क्लोजर तथा माछा पालन गरेको धान खेतको पानी र तिनीहरुको स्रोत समेत सम्झनु पर्छ।

(ख) "जलचर" भन्नाले जल भित्र बस्ने जुनसुकै जीवलाई सम्झनु पर्छ।

(ग) "तोकिएको अधिकारी" भन्नाले प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकिएको अधिकारी सम्झनु पर्छ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) "निजी जल" भन्नाले व्यक्ति, संस्था विशेषले सरकारलाई मालपोत वा भूमिकर तिरी राखेको जमिनमा भएको निजहरुको हक र उपभोगको पोखरी, तलाउ वा जलाशय सम्झनु पर्छ।

(च) "प्रदेश" भन्नाले ◈<u>बागमती प्रदेश</u> सम्झनु पर्छ।

(छ) "फीस ल्याडर" भन्नाले बगिरहने जलमा जलचरको आवागमनको लागि बनाइएको वैकल्पिक बाटो सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले जलचर सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

---

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

## परिच्छेद- २

## जलचर व्यवस्थापन तथा नागरिकको अधिकार

३. **जलचर समात्न तथा मार्न प्रतिबन्धः** (१) कुनै व्यक्तिले कुनै जलमा रहेको कुनै जलचरलाई समात्ने तथा मार्ने अभिप्रायले जानीजानी त्यस्तो जलमा वा त्यसको आसपासमा कुनै किसिमको विद्युतीय धार (करेण्ट), विष्फोटक पदार्थ, कारखानाहरुको फोहर पदार्थ वा विषालु र रसायनिक पदार्थको प्रयोग गर्न पाइने छैन।

तर कुनै निजी जलका धनीले अरु कुनै जलका जलचरहरुलाई क्षति नहुने गरी आफ्नो निजी जलमा जलचर समात्न तथा मार्नको लागि विषालु पदार्थ छाड्न, विद्युतीय धार (करेण्ट) र विष्फोटक पदार्थ बाहेक जुनसुकै तरिकाको प्रयोग गर्नमा यो दफा र यस अन्तर्गतका कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन।

(२) अधिकार प्राप्त व्यक्ति बाहेक अरु कसैले पनि जलचरको संरक्षणको लागि जलमा रहेको फीस ल्याडर, बाँध तथा अन्य कुनै किसिमको संरचनाको ढोकाहरुलाई थुन्न वा भत्काउन हुँदैन।

(३) परम्परागत रूपमा माछा मारी जीविकोपार्जन गर्ने पेशा अपनाएका बोटे, माझी, दनुवार, मुसहर, पहरी लगायतका जातिलाई प्रदेश सरकारले तोकेको स्थान वाहेक यस ऐन र नियमावलीको अधिनमा रही जलचरको संरक्षण र उपयोग गर्न कुनै बाधा गरिने छैन।

४. **प्रदेश सरकारको दायित्वः** (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेका प्रजातिका जलचरहरुलाई संरक्षण र सम्बर्द्धन गर्नेछ।

(२) मन्त्रालयले तोकेको अधिकारीको इजाजत-पत्र बेगर कुनै पनि व्यक्तिले जानीजानी कुनै जलचरलाई समात्न, मार्न तथा चोट पुऱ्याउन पाइने छैन।

(३) उपदफा (२) बमोजिमको अधिकारीले तोकिएको ऋतु र अवस्थामा कुनै पनि जलचरहरुलाई कुनै पनि व्यक्ति निकायले जानी जानी समात्न, मार्न तथा चोट पुऱ्याउन नपाउने गरी मनाही गर्न सक्नेछ।

तर कुनै व्यक्ति विशेषको निजी जलमा रहेका जलचरहरुको सम्बन्धमा यो दफा र यस दफा अन्तर्गतका कुनै कुरा लागू हुने छैन।

(४) प्रदेश सरकारले उपदफा (१) बमोजिम प्रदेश राजपत्रमा प्रकाशित सूचनामा तोकेको अधिकारीको इजाजत बेगर कुनै पनि व्यक्तिले जानीजानी जलचरहरु समात्न, मार्न तथा चोट पुऱ्याउन नपाउने गरी मनाही गर्न सक्नेछ।

तर कुनै व्यक्ति विशेषको निजी जलको सम्बन्धमा प्रदेश सरकारले त्यस्तो आदेश दिने छैन।

५. **विष प्रयोग गर्न नहुने**: जलचर समात्ने वा मार्ने प्रयोजनको लागि कुनै विषालु पदार्थ प्रयोग गर्नु पर्ने भएमा त्यसको प्रयोजनको लागि सुरक्षित विष बाहेक अरु कुनै प्रकारको विष प्रयोग गर्नु हुदैन।

**स्पष्टीकरण**: यस दफाको प्रयोजनको लागि "सुरक्षित विष" भन्नाले तोकिएको प्राविधिकले सिफारिश गरेको रसायन वा जडीबुटी सम्झनु पर्छ।

६. **जलचर संरक्षण सम्बन्धी अन्य व्यवस्था**: (१) प्रदेश सरकारले विद्युत, खानेपानी, सिंचाई वा अन्य कुनै प्रयोजनको लागि बाँध निर्माणको साथै जलचरको आवागमनमा बाधा नपर्ने गरी फीस ल्याडर निर्माण गरी संरक्षण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम फीस ल्याडर निर्माण गर्न सम्भव नहुने भएमा त्यस्तो ठाउँमा वा आस पासको क्षेत्रमा जलचरको कृत्रिम प्रजनन गराउनको निमित्त जलचर ह्याचरी तथा जलचर नर्सरीको व्यवस्था गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको निर्माण कार्य गर्दा प्राविधिक अधिकारीलाई संलग्न गराउनु पर्नेछ।

(४) कुनै पनि व्यक्तिले खोला, नदी, ताल, तलैयामा जलचरलाई असर पर्ने गरी कुनै किसिमको अजैविक पदार्थ, रासायनिक पदार्थ तथा केमिकल छाड्न वा मिसाउने गरी कुनै पनि गतिविधि गर्न गराउन पाइने छैन।

७. **<u>नागरिकको अधिकार</u>:** दफा ४ बमोजिम निकालिएका आदेशले मनाही गरेको ऋतु अवस्था तथा ठाउँमा बाहेक दफा ३ को अधिनमा रही अन्य जलमा जल चर मार्न वा समात्न यस ऐनको कुनै कुराले नेपाली नागरिकलाई मनाही गरेको मानिने छैन।

८. **<u>ठेक्का सम्बन्धी व्यवस्था</u>:** (१) प्रदेश सरकारले आफ्नो नियन्त्रणमा रहेको जुनसुकै जलमा जलचरको बासस्थान र पर्यावरणमा असर नपर्ने गरी संरक्षित जलचर बाहेकका कुनै एक वा एकभन्दा बढी प्रकारका जलचरहरु समात्ने तथा मार्ने कामको ठेक्का बन्दोबस्त गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको ठेक्का दिंदा जलचर समात्न वा मार्न प्रयोग गरिने साधनको मापदण्ड र सो सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ३

## दण्ड तथा सजाय

९. **दण्ड सजायः** (१) दफा ३ वा ४ बमोजिमको कार्य गर्ने वा गर्न दुरुत्साहन गर्ने व्यक्तिलाई तोकिएको अधिकारीको आदेशले कसूरको मात्रा हेरी हानि-नोक्सानी भएकोमा बिगो बराबरको क्षतिपूर्ति भराई पचास हजार रूपैयाँसम्म जरिबाना हुनेछ। हानि-नोक्सानीको मूल्याङ्कन गर्दा प्राविधिक अधिकारीलाई संलग्न गराउनु पर्नेछ।

(२) दफा ३ र ४ बमोजिम निकालिएको सूचनाको कुनै कुरा उल्लङ्घन गर्ने वा गर्न प्रोत्साहन गर्ने व्यक्ति संस्थालाई तोकिएको अधिकारीको आदेशले बीस हजार रूपैयाँसम्म जरिबाना हुनेछ।

(३) उपदफा (१) वा (२) मा लेखिएको दण्ड सजायमा कुनै प्रतिकूल प्रभाव नपारी यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम वा निकालिएका आदेशका कुनै कुरा उल्लङ्घन गर्ने वा गर्न प्रोत्साहन गर्ने व्यक्तिलाई तोकिएको अधिकारीका आदेशले दश हजार रूपैयाँसम्म जरिबाना हुनेछ।

(४) यो ऐन अन्तर्गत कसूरदार सावित भएको व्यक्तिको साथमा रहेको सो कसूरसँग सम्बन्धित सबै औजार, सामान र चीज वस्तुहरु समेत तोकिएको अधिकारीका आदेशले जफत हुनेछ।

(५) दफा ६ को उपदफा (४) बमोजिमको कार्य गर्ने गराउनेलाई तोकिएको अधिकारीले दश हजार रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(६) यो ऐन अन्तर्गत भएको जरिबाना सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

१०. **अनुसन्धान गर्ने अधिकारीः** (१) यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दाको अनुसन्धान र तहकीकात गर्न प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अधिकारीलाई हुनेछ।

(२) प्राविधिक अधिकारीले मुद्दा दायर गर्नु अघि सरकारी वकिलको राय लिनु पर्नेछ।

११. **<u>मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार</u>**: (१) यस ऐन बमोजिमको मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अधिकारीलाई हुनेछ।

(२) यस ऐन बमोजिम दायर भएको मुद्दाको कारबाही र किनारा संक्षिप्त कार्यविधि बमोजिम हुनेछ।

१२. **<u>पुनरावेदन</u>**: दफा ११ बमोजिम तोकिएको अधिकारीले दिएको दण्ड सजायका आदेश उपर चित्त नबुझ्ने व्यक्तिले सो आदेशको सूचना पाएका मितिले पैंतीस दिनभित्र जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

१३. **<u>तोकिएको अधिकारीको अधिकार</u>**: यो ऐन अन्तर्गतको मुद्दाको कारबाही गर्दा बयान वकपत्र गराउने, साक्षी प्रमाण बुझ्ने, लिखतहरु दाखिल गराउने समेत शुरु अदालतलाई भए सरहका सबै अधिकार तोकिएको अधिकारीलाई हुनेछ।

१४. **<u>अध्ययन तथा अनुसन्धान गर्न बाधा नपर्ने</u>**: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि जलचर संरक्षण र सम्वर्द्धनको सम्बन्धमा अध्ययन तथा अनुसन्धान गर्न बाधा पर्ने छैन।

१५. **<u>प्रचलित कानून बमोजिम हुने</u>**: यस ऐनले मनाही गरेका काम कारबाही गर्दा र कुनै दफा लागू नभएको अवस्थामा कुनै व्यक्तिले सो बमोजिम गर्दा कसैको केही हानि नोक्सानी भएमा प्रचलित कानून बमोजिम हुन वा गर्नमा यस ऐनले कुनै बाधा पुर्याएको मानिने छैन।

१६. **<u>प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्ने</u>**: यस ऐन बमोजिम कसूर हुने कुनै कार्य अन्य प्रचलित कानून बमोजिम पनि



आन्तरिक मामिला तथा कानून मन्त्रालय

कसूर हुने रहेछ भने सो कानून बमोजिम मुद्दा चलाइ सजाय गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुर्‍याएको मानिने छैन।

१७. **<u>नियम बनाउने अधिकार</u>**: यो ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले नियमहरु बनाउन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय